# जनहितकोको लागि सबै ग्राहक/वितरकहरुमा यस कम्पनीको

## अपिल २०७७

सबैमा नमस्कार तथा व्यवस्थापन समितिको अपिल,

ग्लोवल ओरियन्स नेपाल प्रा.लि. प्रत्यक्ष विक्रि (व्यवस्थापन तथा नियमन गर्न बनेको) ऐन, २०७४ र नियमावली, २०७६ अनुसार प्रत्यक्ष विक्रि कारोवार गर्नको लागि इजाजत पत्र प्राप्त कम्पनी हो ।

जो कोही १८ बर्ष उमेर पुगेका कुनै पनि नेपाली नागरिक यस कम्पनीमा आवद्ध भई नेपाल सरकारले तोकेको मापदण्ड अनुसार तयार गरिएको विक्रि सम्झौता फर्म राम्रोसँग पढी हेरी बुझी नेपाली नागरिकताको प्रतिलिपि र पासपोर्ट साईजको फोटो समेत राखेर यस कम्पनीको केन्द्रिय कार्यालय वा वेबसाईटमा दिएको आधिकारिक विक्रि कक्षमार्फत पेश गर्न सक्नुहुनेछ। कम्पनीबाट वितरक बन्नको लागि आफ्नो सामर्थ्य, आवश्यकता र औचित्यताको आधारमा मात्र सामान खरिद गरी आफ्नो राजीखुशीले उपयुक्त लागेमा मात्र आवद्ध हुनुहुन विनम्र अनुरोध छ ।

कसैको करकाप र प्रलोभनमा पर्न जरुरी छैन । यदि पर्नु भएको छ भने पनि खरिद गरेको मितिले ३० दिन भित्र सामान फिर्ता गर्न सक्नुहुनेछ । यसरी फिर्ता गर्दा उक्त बस्तुमा लाग्ने भ्याट कट्टा गरेर बाँकी विक्रि योग्य सामान बराबरको रकम फिर्ता हुनेछ ।

प्रत्यक्ष विक्रिको नियमानुसार यदि वितरक बनीसकेपछि कम्पनीको सामान विक्रि प्रबर्धन गर्नु हरेक वितरकको काम र दायित्व हुनेछ । सम्बन्धित निकायमा दर्ता भएको कम्पनीको बजारीकरण योजना अनुसार अन्य उपभोक्तामार्फत विक्रि प्रबर्धन गर्दा विक्रि अनुपातको आधारमा सेवा, सुविधा, कमिसन वा वोनस प्राप्त हरेक वितरकले गर्दछन् । विक्रि प्रबर्धन नगरी कुनै पनि लाभांस प्राप्त हुनेछैन तथापि आफूलाई आवश्यक पर्ने सामान खरिद पुनः गर्दा भने त्यसवापतको छुट वा कमिसन पाईन्छ । यो नै प्रत्यक्ष विक्रि पद्धतिको विशेषता हो ।

यद्यपि, यसरी अरुलाई सामान विक्रि प्रबर्धन गर्दा कुनै पनि लोभलालचमा नपारी नितान्त ग्लोवल ओरियन्स नेपाल प्रा.लि.को विक्रि योग्य र उपलब्ध भएका सामानहरु मात्र तोकिएको मुल्यमा विक्रिका लागि हरेक उत्पादनका बारेमा सम्बन्धित उपभोक्ताहरुसँग आवश्यक परामर्श गरी आम ग्राहक/उपभोक्ताहरुलाई उनीहरुको आवश्यकता र पहुँचको आधारमा मात्र विक्रि वितरण गर्नु हुन पनि अपिल गर्दछौं । कुनै पनि ग्राहकसँग विना सामान पैसा लिन वर्जित रहेको हुँदा सो कार्य नगर्न नगराउन सबैमा अपिल समेत गर्दछौं र सबै ग्राहक वितरकलाई आफ्नो रकम बराबरको आफुलाई आवश्यक सामान मात्र लिई सके पश्चात बील सहित सामान लिने र भुक्तानी गर्नु हुन पनि विनम्र अनुरोध गर्दछौं ।

त्यसैगरी आम ग्राहक/उपभोक्ता/वितरकहरुलाई पनि कसले के भन्यो भन्दा पनि विद्यमान ऐन कानून, कम्पनीको बजारयोजना र आफ्नो आवश्यकता र परिवेश अनुसार मात्र सामान खरिद गर्नुहुन वा आवद्ध हुनुहुन हार्दिक अनुरोध गर्दछौं । जब आफूले तिरेको रकम बराबरको सामान तत्कालै पाईन्छ भने पुनः मलाई कसैले ठग्यो भनेर भन्न जरुरत छैन । यो व्यवसाय कसैलाई ठग्नको लागि गरिएको नितान्त होईन । केवल बस्तु विक्रिको एउटा आधुनिक प्रक्रिया मात्र हो । कम्पनीले विक्रि गर्ने सामानहरु बजारमा भएका अन्य कम्पनीका उत्पादनहरु जस्तै हुन् र विक्रि मूल्य पनि उस्तै प्रकृतिका छन् । केवल खरिद विक्रि प्रक्रिया मात्र फरक हो । यो तथ्यलाई जोकोही ग्राहकले पहिला बुझ्न जरुरी छ ।

त्यसैले यस उद्योगलाई स्थापित गर्नको लागि जुनसुकै कम्पनीमा काम गरे पनि यसका विश्वव्यापि मान्यता, अभ्यास र नेपालको प्रचलित कानून र उपभोक्ताहरुको मनोविज्ञान अनुसार काम गर्नुपर्दछ । आर्थिक अवस्था, शैक्षिक स्तर र सामाजिक

मनोविज्ञानलाई आत्मसात गर्दै विक्रि प्रबर्धन गरी वेलनेस सम्बन्धी बस्तुहरु प्रयोग गरौं । नियमित ग्राहक बनी यसको लाभांस प्राप्त गर्ने अवसरको सदुपयोग गरौं, केवल हाम्रो अनुरोध मात्र हो ।

प्रत्यक्ष विक्रि पद्धति कुनै योजना वा स्मिक होईन । विक्रि नगरी केवल एकपटक ग्राहक/वितरक बन्दैमा निरन्तर लाभांस आउने कम्पनी होईन । बजारयोजना अनुसार तोकिएको लाभांस लिनको लागि कम्पनीको विक्रि प्रबर्धन गरे वा गराए वापत मात्र अनुपातको आधारमा प्राप्त गर्ने अवसर हो । तसर्थ यस तथ्यलाई आत्मसाथ गर्दै यस उद्योग प्रति बुझेर मात्र आवद्ध हुन र आवद्ध गराउन यस व्यवस्थापन हार्दिक अनुरोध गर्दछ ।

साथै विक्रि गर्ने नाममा कुनै पनि ग्राहक/वितरकलाई कम्पनीको निति र नियमभन्दा बाहिर गई अनावश्यक प्रलोभन दिन जरुरी नभएको समेत सबैमा ध्यानाकर्षण गराउँदछौं ।

यस कम्पनीसँग सम्बन्धित वितरकहरुले कम्पनीको आधिकारिक विक्रि कक्ष बाहेकका व्यक्तिगत सम्पर्क कार्यालय आफु अनुकुल हुने गरी स्थापना गर्दा कम्पनीको आधिकारिक लोगो, व्यानर, दर्ता प्रमाण पत्रहरु प्रयोग नगरी दिनु हुन अनुरोध छ । व्यक्तिगत सम्पर्क कार्यालय राख्दा सम्बन्धित घरधनीसँग घरभाडा सम्झौता गर्दा पनि कम्पनीको आधिकारिक कागजातहरुको प्रयोग गर्न मनाही छ । केवल कम्पनीको आधिकारिक विक्रि कक्षसँग वा सम्बन्धित व्यक्ति भएको प्रमाणित कागजातको आधारमा मात्र कम्पनीसँग सम्बन्धित कुराहरु गर्न यस कम्पनी व्यवस्थापन हार्दिक अनुरोध गर्दछ ।

विश्वबजारमा स्थापित र उद्यमशीलताको विकास गरी विक्रि प्रबर्धन गर्न सक्षम यो पद्धति नेपालमा पनि स्थापित गर्न सके आम उपभोक्तालाई उपभोक्ताकै हैशियतमा वितरक बनी आफ्नो क्षमता र योग्यता अनुसार काम गरी लाभ लिनसक्ने अवस्था विद्यमान भएकोले सो अनुरुप गर्न गराउन सबैमा सदा अपिल गर्दछौं ।

धन्यवाद !

अध्यक्ष

व्यवस्थापन समिति

ग्लोवल ओरियन्स नेपाल प्रा.लि.

बालाजु, १६, काठमाडौं ।